नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, २०७३

हरिसिद्धि, सितापाईला, काठमाडौँ ।

फोन नं. ०१-४६७१७१७
बागमती प्रदेश, नेपाल ।

प.सं. ०७७/७८
च.नं. ३२८२

मितिः २०७७/१०/११

विषयः जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय (१ देखि १०) सवै,
नागार्जुन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

प्रस्तुतु विषयमा भुकम्प पिडित व्यक्तिको अनुदान प्रयोजनका लागि घरको अभिलेखिकरण तथा निर्माण स्वीकृती सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७७/१०/०७ गतेको बैठकबाट भएको निर्णय आवश्यक बोधार्थ तथा कार्यान्वयनार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

२०७७/१०/११
(सुरेन्द्र थापा मगर)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ:**

**निर्णय:**

घरको अनुदान सिफारीस सम्बन्धमा छलफल गर्दा २०७२ सालको भूकम्प पछि प्राविधिक खटिनु अघि बनेका र नक्सापास नै नहुने गुठी/विर्ता/गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, बेनिस्सा समेतको जग्गामा बसोबास भई घर क्षति भएका लाभग्राहीहरूले घरहरूको अनुदान प्राप्त गर्नका लागि निवेदन दिएकोमा शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७५ बमोजिम मापदण्ड पुरा नगरेका व्यक्तिहरूलाई नियमानुसार अनुदानका लागि एन.आर.ए. अन्तर्गत पुर्न निर्माण शाखाबाट कारवाही अगाडि बढाउन कठिन भएकोले सार्वजनिक र पर्ति जग्गामा घर निर्माण गरेका बाहेक मापदण्ड नपुगेका घरधनीहरूको घर अनुदान प्रयोजनका लागि सर्जमिन सहित वडाको सिफारीसको आधारमा रातो कार्ड पाएका भूकम्प पिडित लाभग्राहीहरूलाई सिंगल दस्तुर लिई अभिलेखिकरण गर्न नगर कार्यपालिकाको कार्यालयलाई सिफारीस गर्ने निर्णय गरियो ।

सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकीय अधिकृत